# आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
## २०८३

अर्जुनधारा नगरपालिका
झापा

# विनियोजन विधेयक, २०८३

**अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३**

**सभामा पेश गरिएको मिति २०८३/०३/१०**

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम अर्जुनधारा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अर्जुनधारा नगरपालिकाको विनियोजन ऐन,२०८३ " रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८३/०८४को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित जम्मा रकम रु ८९,८५,२५,५०४/- (अक्षेरुपी उनानब्बे करोड पचासी लाख पच्चिस हजार पाँच सय चार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । कुनै पनि श्रोतमा उक्त रकम भन्दा बढी प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्नसकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **अ.ल्या. रकम आम्दानी बाँधी खर्च गर्ने सम्बन्धि व्यवस्थाः** (१) आर्थिक २०८२/०८३ को अन्त्य सम्ममा नगरपालिकाको सञ्चित कोषमा अनुमान गरिए भन्दा बढी रकम मौज्दात रहन गएमा उक्त रकम आर्थिक वर्ष २०८३/०८४ का लागि क्रमागत आयोजनाहरु सहितका कार्यक्रममा थप कार्यक्रम बनाई नगर कार्यपालिकाले खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप हुने आम्दानी तथा कार्यक्रमको विवरण नगर सभाबाट स्वीकृत गराउनुपर्नेछ ।

५. **नियम, कार्यविधि, मार्गदर्शन, निर्देशिका वा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनले निर्देशित गरेको कुनै पनि आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

अनुसुची १

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

## अनुमानित आयको विवरण

| सि.नं. | श्रोत | शीर्षक | रकम (रु) |
|---|---|---|---|
| १ | नेपाल सरकार | वित्तीय समानिकरण | १७२५००००० |
| | | राजश्व बाँडफाँड | १४४७००००० |
| | | सशर्त अनुदान | ३४३५००००० |
| | | विशेष अनुदान | ९९००००० |
| | | समपुरक अनुदान | ६०००००० |
| २ | प्रदेश सरकार | वित्तीय समानिकरण | १६०२३००० |
| | | राजश्व बाँडफाँड (सवारी) | १७३७७५०४ |
| | | सशर्त अनुदान | ३२५२५००० |
| | | समपुरक अनुदान | ६०००००० |
| ३ | नगरपालिका | आन्तरिक आय | ७५०००००० |
| | | स्थानीय राजश्व बाँडफाँड (मालपोत रजिष्ट्रेशन शुल्क) | ५००००००० |
| | | स्थानीय राजश्व बाँडफाँड (दहत्तर बहत्तर) | ० |
| | | जनसहभागिता | २५०००००० |
| | | नगद मौज्दत (अ.ल्या.) | ० |
| | जम्मा | | ८९८५२५५०४ |

| क्षेत्रगत विनियोजनको विवरण | | |
|---|---|---|
| सि.नं. | क्षेत्र | रकम (रु)लाखमा |
| १ | आर्थिक विकास | १११ |
| २ | सामाजिक विकास | ५२५ |
| ३ | वन वातावारण तथा विपद् व्यवस्थापन | १४४ |
| ४ | पूर्वाधार विकास | १०६८ |
| ५ | संस्थागत विकास तथा सुशासन | १२९ |
| ६ | प्रशासनिक खर्च | १७८९ |
| ७ | वडास्तरीय आयोजनाहरु | ९९० |
| ८ | जनसहभागिता | २५० |
| ९ | संघीय सशर्त अनुदानबाट संचालन हुने आयोजनाहरु | ३४३५ |
| १० | संघीय विशेष अनुदानबाट संचालन हुने आयोजनाहरु | ९९ |
| ११ | संघीय समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरु | ६० |
| १२ | प्रदेश सरकारको सशर्त अनुदानबाट संचालन हुने आयोजनाहरु | ३२५.२५ |
| १३ | प्रदेश सरकारको समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरु | ६० |
| जम्मा | | ८९८५.२५ |